सङ्घीय संसद्
राष्ट्रिय सभा
एक्काइसौं अधिवेशन
बैठक-४४
सूचनापत्र-२
(बैठकको काम कारबाहीको सङ्क्षिप्त विवरण)

बैठक प्रारम्भ : १:२७ बजे
बैठक स्थगित :३:१७ बजे

नेपाल सम्वतः- ११४६ २०८३ भदौ २४ गते बुधबार

सङ्घीय संसद्, राष्ट्रिय सभाको एक्काइसौं अधिवेशनको चवालिसौं बैठक सम्माननीय अध्यक्ष नारायण प्रसाद दाहालको अध्यक्षतामा अपराह्न १:२७ बजे प्रारम्भ भयो।

सर्वप्रथम, सम्माननीय अध्यक्षले **शून्य समय**मा बोल्नका लागि प्राप्त भएको नामावली अनुसार देहायबमोजिमका माननीय सदस्यहरूलाई समय उपलब्ध गराउनुभयोः

माननीय सदस्य कृष्ण बहादुर रोकायले भोटेकोसी बाढीले सबैभन्दा बढी ज्येष्ठ नागरिक, गर्भवती, सुत्केरी र बालबालिका धेरै प्रभावित भएको र प्रभावितको स्वास्थ्यलाई प्राथमिकता दिन सरकारको ध्यानाकर्षण गराउनुभयो।

माननीय सदस्य घनश्याम रिजालले विपद् पछिको शुरुवाती दिनमा जस्तो सरकारले तत्परता देखाउन नसकेको, प्रदेश र स्थानीय तहसँग प्रभावकारी समन्वय हुन नसकेको, सुरुङभित्र उद्धार कार्यमा ढिलाइ भएको तथा दोलखाको च्छोरोल्पा हिमताललगायत जोखिमपूर्ण क्षेत्रमा पूर्वसूचना प्रणालीको व्यवस्था गर्न सरकारको ध्यानाकर्षण गराउनुभयो।

माननीय सदस्य पदम बहादुर परियारले कृष्णभिरको पहिरोले पृथ्वी राजमार्ग अवरुद्ध हुँदा आवतजावतमा समस्या भएकोले वैज्ञानिक उपाय अबलम्बन गरी यथाशिघ्र संचालनमा ल्याउन तथा यस संकटको घडीमा हवाई भाडादर वृद्धिमा आवश्यक निगरानी गर्न सरकारको गम्भिर ध्यानाकर्षण गराउनुभयो।

माननीय सदस्य पुजा चौधरीले बाढी पीडितलाई सामाजिक सञ्जालमार्फत गाली-गलौज, घृणा फैलाउने कार्य रोक्नुका साथै अराजकता फैलाउने व्यक्तिलाई कानूनी प्रक्रियामा ल्याउन सरकारको ध्यानाकर्षण गराउनुभयो।

माननीय सदस्य रुकमिणी कोइरालाले हाम्रो भूमिका नरहँदा समेत यो स्तरको महाविपत्ति भोग्न बाध्य भएको उल्लेख गर्दै प्रभावितलाई छिटो, छरितो राहत, उद्धारको कार्य गर्न सरकारको ध्यानाकर्षण गराउनुभयो।

माननीय सदस्य रेनु चन्दले माननीय कानून, न्याय तथा संसदीय मामिला मन्त्रीले राष्ट्रिय सभाले कानून निर्माणमा असहयोग गरेको भनी मिथ्या सूचना दिई दुष्प्रचार गरेकाले जवाफका लागि रुलिङ गर्न सम्माननीय अध्यक्षज्यूलाई आग्रह गर्नुभयो।

माननीय सदस्य विष्णु कुमारी सापकोटाले वि.पी जन्मजयन्तीमा श्रद्धासुमन व्यक्त गर्दै विपद्पश्चात खाना पकाउने ग्याँस आपूर्ती असहज भइरहेकाले आपूर्ती प्रणाली पारदर्शी बनाउन, कालो बजारी तथा कृत्रिम अभाव नियन्त्रण गर्न र नागरिकलाई सहजरुपमा ग्याँस उपलब्ध गराउन सरकारको ध्यानाकर्षण गराउनुभयो।

माननीय सदस्य विष्णु देवी पुडासैनीले बाढी पहिरो पछि राहत, उद्धारमा केन्द्रित हुन तथा पीडित परिवारका लागि गास, बास, कपास, औपधि उपचार छिटो पुऱ्याउन स्थानीय सरकारलाई स्रोत साधन सम्पन्न बनाउन सरकारको ध्यानाकर्षण गराउनुभयो।

माननीय सदस्य विष्णु बहादुर विश्वकर्माले जेन-जी आन्दोलन सम्बन्धी गौरी बहादुर कार्की संयोजक रहेको आयोग र राष्ट्रिय मानव अधिकार आयोगका प्रतिवेदन तत्काल सार्वजनिक गर्न तथा दोषीलाई कडा कारबाही गर्न सरकारको ध्यानाकर्षण गराउनुभयो।

माननीय सदस्य श्रीकृष्ण प्रसाद अधिकारीले आधुनिक उद्धार सामाग्री, उपकरण र प्रविधिको प्रयोग गरी जलविद्युत आयोजनाका सुरुङमा उद्धारकार्य प्रभावकारी तुल्याउन नसकेको जिकीर गर्दै विपद् पश्चातको राहत वितरण, शव व्यवस्थापनलाई स्थानीय तहसम्म समन्वय गरी वैज्ञानिक बनाउन सरकारको ध्यानाकर्षण गराउनुभयो।

त्यसपछि, सम्माननीय अध्यक्षले **विशेष समयमा** बोल्नका लागि दलीय आधारमा देहाय बमोजिमका माननीय सदस्यहरूलाई समय उपलब्ध गराउनुभयोः

माननीय सदस्य पदम बहादुर परियारले महामानव वि.पि. कोइरालाको योगदानको स्मरण गर्दै श्रद्धासुमन प्रकट गर्नुभयो । जेन-जी आन्दोलनका कारणबारे विवेचना गर्दै प्रतिनिधि सभाको विघटन, तत् पश्चातको निर्वाचनमार्फत प्राप्त जनादेश, व्यक्त प्रतिबद्धता र सरकारको कार्यशैलीबारे प्रश्न उठाउनुभयो । सरकार परिवर्तन मात्रैले जेन-जी आन्दोलनको मर्मलाई सम्बोधन गर्न नसक्ने उल्लेख गर्दै भ्रष्टाचार न्यूनीकरण, बेरोजगारीको अन्त्य, प्रणालीगत सुधार, जनअपेक्षाको सुनुवाई, राजनीतिक संस्कारमा परिवर्तनजस्ता पक्षमा ध्यान दिन सम्पूर्ण राजनीतिक दल तथा सरकारको ध्यानाकर्षण गराउनुभयो।

माननीय सदस्य श्रीकृष्ण प्रसाद अधिकारीले भोटेकोशी नदीमा आएको बाढीबाट रसुवा, नुवाकोट, धादिङ गोरखालगायतका जिल्लाहरुमा भएको जनधनको क्षति, प्रभावित क्षेत्रमा उद्धार, राहत, पुनर्स्थापन र पुनःनिर्माणमा देखिएका समस्याहरुबारे विशेष ध्यानाकर्षण गराउनुभयो। प्रभावित जिल्लाका ऐतिहासिक स्थलको पहिचान नै नष्ट भएको, अशक्त तथा असहाय नागरिक अझ धेरै प्रभावित भएको, नेपालीसँगै विदेशी नागरिकसमेत प्रभावित भएको, ठूलो मानवीय तथा भौतिक क्षति भएकोले स्थानीय तथा प्रदेश सरकारसँग उपयुक्त समन्वय, सर्वदलीय तथा राष्ट्रिय समन्वय परिषद्को बैठक आवह्वानलगायत विषयमा ध्यानाकर्षण गराउनुभयो। विपद् प्रतिकार्यलाई विशेष प्राथमिकता दिँदै पूर्वसूचना प्रणाली, जोखिम क्षेत्र पहिचान, आधुनिक प्रविधि, दक्ष जनशक्तिको प्रबन्ध, क्षमता विकाससँगै जलवायू न्याय र प्रभावकारी कुटनीति सञ्चालन पुनःनिर्माणका लागि विशेष प्याकेज घोषणा गर्दै सुरक्षित, जलवायू अनुकूल तथा उत्थानशील पुनःनिर्माणका लागि सरकारको ध्यानाकर्षण गराउनुभयो।

माननीय सदस्य प्रेमप्रसाद दंगालले जेन-जी आन्दोलनका कारणहरु तथा सो क्रममा भएका घटनाक्रमहरुको विवेचना गर्दै निर्वाचित सरकारले लोकतान्त्रिक प्रक्रिया एवम् विधिको शासन प्रतिकूलका गतिविधिहरु गरिरहेको जिकिर गर्नुभयो । तत्कालिन के.पी शर्मा ओलीको सरकारले गरेका विकास निर्माणका गतिविधि एवम् राष्ट्रियताको अडानका कारण राष्ट्रिय-अन्तर्राष्ट्रिय शक्तिले सरकार परिवर्तन गराएको उल्लेख गर्नुभयो। भोटेकोशी बाढीमा समयमा उद्धार गर्न नसकेको, अध्यादेशमार्फत शासन सञ्चानलनको प्रयास गरेको, सुकुम्बासी व्यवस्थापन हुन नसकेको, उच्च महङ्गी न्यूनीकरण हुन नसेकको, सामाजिक वितरण प्रणालीको अप्रभावकारिता जस्ता विषयमा सरकारको गम्भिर ध्यानाकर्षण गराउनुभयो।

माननीय सदस्य मोहम्मद खालिदले भोटेकोशी बाढीले प्रभावित नागरिकको खोज, उद्धार, राहत वितरण, वैज्ञानिक पुनर्वास, प्रभावकारी शव व्यवस्थापन लगायतमा नागरिकस्तर, सुरक्षा निकाय तथा राष्ट्रसेवकको भूमिकाप्रति सम्मान प्रकट गर्दै राहत वितरणका अतिरिक्त प्रभावित क्षेत्रमा Supply Chain मा अवरोध, अत्यावश्यक वस्तुको आपूर्ती व्यवस्थापन, महामारीको जोखिमलगायत विषयमा ध्यानाकर्षण गराउनुभयो। त्यसैगरी, नयाँ सरकार गठन पछि पनि खाना पकाउने ग्याँसको आपूर्तीमा समस्या, उपभोग्य वस्तुको मूल्य वृद्धि, विदेशीने क्रम, सिचाँईको अभाव, गरिवीको व्याप्तता जस्ता विषय निरन्तर रहेको उल्लेख गर्दै भोटेकोशी बाढीमा विदेशी सहयोग लिन ढिलाइ गर्दा धेरै नागरिकको ज्यान गएको उल्लेख गर्दै सरकारले जनअपेक्षा अनुरुप कार्य गर्न नसकेको उल्लेख गर्नुभयो।

माननीय सदस्य तुल प्रसाद विश्वकर्माले भोटेकोशी बाढीले पारेको प्रभाव, जनधनको क्षति, सम्पर्क बिहिनको विवरण, सुरुङ उद्धारमा विदेशी उद्धारकर्तालाई ढिलो गरि अनुमति प्रदान गरिएको विषय, राहत वितरणमा अत्यावश्यक वस्तुको प्रभावकारी वितरण, विदेशी सहयोग तथा राहत सामग्रीको निःशर्त स्वीकार एवम् प्रभावकारी व्यवस्थापनलगायतका विषयमा सरकारको ध्यानाकर्षण गराउनुभयो।

माननीय सदस्य ललितजङ्ग शाहीले प्रथम जननिर्वाचित प्रधानमन्त्री वि.पि.कोइरालाको जन्मजयन्तीको अवसरमा भावपूर्ण श्रद्धाञ्जली प्रकट गर्दै भोटेकोशी बाढीमा ज्यान गुमाएका जुम्लाबासी तथा अन्य नागरिकहरुप्रति श्रद्धाञ्जली तथा परिवारजनमा समवेदना प्रकट गर्नुभयो। जलवायू परिवर्तन तथा विश्वव्यापी उष्णताका कारण नगण्य योगदान रहँदा समेत ठूलो क्षति भोग्नुपरेको उल्लेख गर्दै जलवायू न्याय तथा क्षतिपूर्तीका लागि संयुक्त राष्ट्रसंघको महासभा तथा कोप सम्मेलनमा आवाज उठाउन ध्यानाकर्षण गराउनुभयो। त्यसैगरी, जेन-जी आन्दोलनका नाममा २०८२ भाद्र २४ का घटना स्मरण गर्दै सो दिनलाई कालो दिनको रुपमा व्याख्या गर्दै गौरीबहादुर कार्की आयोगले समेत अनदेखा गरेको विषयलाई उजागर गर्दै मानव अधिकार आयोगलगायतका प्रतिवेदन सार्वजनिक तथा कार्यान्वयनका लागि सरकारको ध्यानाकर्षण गराउनुभयो।

माननीय सदस्य रेनु चन्दले भोटेकोशी बाढीबाट सृजित विपत्तिको सम्बन्धमा समयमा सूचना प्रवाह हुन नसकेको, उद्धार कार्यमा विदेशी सहयोग लिन ढिलाई भएको, प्रदेश तथा स्थानीय तहसँग प्रभावकारी समन्वय हुन नसकेको, होल्डिङ सेन्टरको उचित व्यवस्थापन हुन नसकेको, बालबालिका, महिला, ज्येष्ठ नागरिक धेरै प्रभावित भएको, महत्वपूर्ण व्यापारिक नाका प्रभावित भएको लगायत विषय उल्लेख गर्दै विपद् व्यवस्थापनमा पूर्वसूचना प्रणालीको प्रभावकारित, NDRRMA लाई बलियो बनाउने, तीन तहका सरकारबीच आवश्यक समन्वय, जलवायू क्षतिपूर्ती, स्थानीय सरकारलाई स्रोत साधन सम्पन्न बनाउने लगायतका कार्य गर्नुपर्ने उल्लेख गर्नुभयो। त्यसैगरी, जेन-जी आन्दोलनको क्रममा गत भदौ २४ मा देश जलाइएको उल्लेख गर्दै राष्ट्रिय सभाले कानून निर्माणमा असहयोग गरेको भनी कानून, न्याय तथा संसदीय मामिला मन्त्रीले व्यक्त गरेको धारणाप्रति गहिरो विमति प्रकट गर्दै राष्ट्रिय सभाले गरेका व्यवस्थापन कार्यसँग सम्बन्धित कार्यहरुको विवरण उल्लेख गर्दै राष्ट्रिय सभालाई आफ्नो असक्षमताको भार बोकाउन नपाउने, defame गर्न नपाइने उल्लेख गर्दै यस सम्बन्धमा कानून मन्त्रीले राष्ट्रिय सभामा जवाफ दिनुपर्ने माग गर्नुभयो।

माननीय सदस्य किरणबाबु श्रेष्ठले नेपाली राजनीतिका शिखर व्यक्तित्व वि.पि. कोइरालाप्रति भावपूर्ण श्रद्धासुमन व्यक्त गर्दै जने-जी आन्दोलनका नाममा २०८२ भदौ २४ गते भएका गतिविधिलाई स्मरण गर्दै फेरी त्यस्तो कहिल्यै नहोस् भन्ने धारणा राख्नुभयो। भोटेकोशी बाढीका सम्बन्धमा सरकारले गरेका कार्यबारे चर्चा गर्दै उद्धार र राहत कार्यमा सक्रियताको अभाव र कमजोर समन्वय भएको जिकिर गर्नुभयो।

साथै, यस महाविपत्तिको सामना गर्न राष्ट्रिय एकता र सामुहिक कार्य आवश्यक रहेको उल्लेख गर्दै जलवायू परिवर्तनका सवालमा तथ्यका आधारमा संयुक्त राष्ट्रसंघलगायत विश्वमंचमा प्रस्तुत हुनुपर्ने र सम्माननीय प्रधानमन्त्रीको आसन्न भ्रमणको सफलताको शुभकामना व्यक्त गर्नुभयो।

माननीय सदस्य गिता देवकोटाले नेपाली राजनीतिका शिखर पुरुष तथा जननायक वि.पि.कोइरालाको ११३ औं जन्मजयन्तीका अवसरमा भावपूर्ण श्रद्धाञ्जली व्यक्त गर्दै भोटेकोशी बाढीका क्रममा भएको मानवीय तथा भौतिक क्षतिको विवरण उल्लेख गर्नुभयो। सरकारले विपद्को समयमा समेत सस्तो प्रचारबाजी गरेको, सुरक्षा निकायलाई साधन बिहिन बनाएको, भि.आ.इ.पि.को अनावश्यक भ्रमण, कार्यदिशाको अभाव, अन्तर्राष्ट्रिय प्रविधि भित्र्याउन भएको ढिलाई तथा ढिलो उद्धार, पहिरो तथा बाढीबाट भएको कटान, पृथ्वी राजमार्गको अवरोधलाई वैज्ञानिक व्यवस्थापन गर्न नसकेको, होल्डिङ सेन्टरमा सुत्केरी र बालबालिकाको प्रभावकारी व्यवस्थापन हुन नसकेको, कृषि तथा पशुधनमा भएको हानी नोक्सानी लगायत विषय उल्लेख गर्दै Build back better को अवधारणा अनुरुप पुनःनिर्माण, मनोसामाजिक परामर्श, दलीय स्वार्थ त्याग गरी व्यवस्थापनमा सक्रिय हुनुपर्ने तथा उद्धार कार्यमा भएको ढिलाई सम्बन्धमा संसदीय अध्ययन समिति गठन गर्न सरकारको ध्यानाकर्षण गराउनुभयो।

त्यसपछि, सम्माननीय अध्यक्षले प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयबाट मन्त्रिपरिषद् सदस्यको कार्यभार तोकिएको सम्बन्धी पत्रको देहाय बमोजिमको बेहोरा जानकारी गराउनुभयोः-

"माननीय कृषि, वन तथा पर्यावरण मन्त्री गिता चौधरी टिमोर लेस्तेको डिलीमा आयोजना हुने LDC हाई लेभल मिनिस्टरियल मिटिङ्गमा सहभागी हुन सम्वत् २०८३ साल भदौ १६ गते त्यसतर्फ प्रस्थान गर्नुहुने भएकोले उहाँको अनुपस्थितिमा उहाँले सम्हाल्दै आउनुभएको कृषि, वन तथा पर्यावरण मन्त्रालयको कार्यभार सम्माननीय प्रधानमन्त्रीबाट माननीय सूचना तथा सञ्चार मन्त्री डा. विक्रम तिमिल्सिनाले सम्हाल्ने गरी तोक्नुभएको बेहोरा अनुरोध गर्दछु।

(गोविन्द बहादुर कार्की)
मुख्यसचिव
२०८३ भदौ १५ गते"

तत्पश्चात्, विधायन व्यवस्थापन समितिका माननीय सभापति कृष्ण बहादुर रोकायले प्रतिनिधि सभाबाट सन्देश सहित प्राप्त **"नेपाल विशेष सेवा ऐन, २०४२ को साविकको व्यवस्था जगाउने सम्बन्धी विधेयक, २०८३ सम्बन्धी समितिको प्रतिवेदन"** सभा समक्ष पेस गर्नुभयो।

तदनन्तर, सम्माननीय अध्यक्षले राष्ट्रिय सभाको अर्को बैठक **२०८३ साल भदौ २५ गते बिहीबार अपराह्न १ बजेर १५ मिनेटमा** बस्ने गरी बैठक स्थगित भएको घोषणा गर्नुभयो।

(पद्मप्रसाद पाण्डेय)
महासचिव